# पोखरा विश्वविद्यालय
# व्यवस्थापन अध्ययन संकाय
## डीनको कार्यालय
पोखरा-३०, कास्की

चलानी नं.: २०८०/०८१

मिति : २०८०/१२/१९

## पोखरा विश्वविद्यालय व्यवस्थापन संकाय अन्तर्गत स्नातकोत्तरतह (MBA/MHCM/MCIS)का कार्यक्रमहरुको छात्रवृत्ति छनौट परीक्षामा उत्तिर्ण हुने उम्मेदवारहरुको Awarded-List एवं College Allocated List प्रकाशित गरिएको सम्बन्धि सूचना !

(क)

पोखरा विश्वविद्यालय व्यवस्थापन संकाय स्नातकोत्तरतह छात्रवृत्ति छनौट समितिबाट विश्वविद्यालय **स्नातकोत्तर तहको MBA/MHCM/MCIS** कार्यक्रमको मिति २०८०/ १२/११ गते प्रकाशित गरिएको योग्यताक्रम सूचि **(Merit-List)** मा संलग्न School Type–**Public** का उम्मेदवारहरुले मात्र अनलाईन मार्फत अनुसूचि-४ को फारामबाट कार्यक्रम र कलेज छनौट गरी भरेको विवरणहरुको आधारमा पो.वि.छात्रवृत्ति सम्बन्धि नियमावली, २०६५ को नियमानुसार संलग्न बमोजिमको Scholarship Awarded List प्रकाशित गरिएको व्यहोरा सम्बधित सबैको लागी जानकारी गराईन्छ ।

**(ख)**

प्रकाशित Scholarship Awarded List मा समावेश भएका उम्मेदवारहरुले मिति २०८०/१२/२२ गतेदेखि मिति २०८०/१२/२५ गते विहान १०:०० बजेदेखि कार्यालय समयसम्म पो.वि. व्यवस्थापन संकाय, डीनको कार्यालय, पोखरा-३०, ढुङ्गेपाटन, कास्कीमा आई छात्रवृत्ति प्राप्त गरेको पत्र बुझि सम्बन्धित शैक्षिक संस्थामा गई भर्ना हुन समेत सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

**(ग)**

प्रकाशित Scholarship Awarded List मा समावेश भएका उम्मेदवारहरुले पेश गरेको कागजातहरु कुनैपनि समय छानविनको क्रममा झुट्टा भएको प्रमाणित भएमा त्यस्ता उम्मेदवारहरुलाई जुनसुकैबेला पनि छात्रवृत्तिबाट हटाइनेछ ।

**(घ)**

प्रकाशित **Scholarship Awarded List** मा समावेश भएका उम्मेदवारहरुले छात्रवृत्ति प्राप्त गरेको पत्र तोकिएको मितिमा बुझ्न आउँदा आफ्नो परिचय खुल्ने नागरिकता वा प्रवेशपत्र अनिवार्य लिई आउनुपर्ने छ ।

**(ङ)**

आज प्रकाशित Scholarship Awarded List का सम्बन्धमा अस्पष्ट भएमा मिति २०८०/१२/२० गते बेलुका ४:०० बजेसम्म सम्पर्क नम्बर ०६१-५०४०७६ मा सोधपुछ गर्न सकिनेछ ।

आज प्रकाशित Scholarship Awarded List मा कुनै भुलचुक भइ गलत विवरण समावेश भएको रहेछ भने त्यसलाई सच्चाउने अधिकार छनौट समितिमा निहित रहनेछ ।

रोशन पाण्डे
सदस्य
स्नातकोत्तरतह छात्रवृत्ति छनौट समिति, २०८०